मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

नवरात्रीको तेश्रो दिन माता चन्द्रघण्टाको पुजा

मधेशदृष्टि
वीरगंज।
बडादसैँअन्तर्गत नवरात्रको तेस्रो दिन मंगलबार हिन्दु धर्मावलम्बीहरूले नवदुर्गाको तेस्रो स्वरूप माता चन्द्रघण्टाको श्रद्धाभक्तिपूर्वक पूजा तथा आराधना गरिरहेका छन्।
नवरात्रको अवसरमा वीरगंजस्थित गहवामाई मन्दिर, विन्दवासिनी माई मन्दिर, भुटनदेवी मन्दिरलगायतका शक्तिपीठहरूमा भक्तजनको घुइँचो लागेको छ। नवरात्रको पहिलो र दोस्रो दिनको तुलनामा आज तेस्रो दिन भक्तजनको सङ्ख्या बढेको गहवामाई मन्दिरका स्वयंसेवकहरूले रेडियो वीरगंजलाई बताएका छन्।
यसैगरी, देशभरका विभिन्न शक्तिपीठ तथा घरघरमा पनि माता चन्द्रघण्टाको पूजा आराधना भइरहेको छ । धर्मशास्त्रअनुसार, मस्तकमा घण्टीको आकारको अर्धचन्द्र धारण गरेकी हुनाले देवीको यस स्वरूपलाई चन्द्रघण्टा भनिएको हो । नवरात्रको तेस्रो दिन माता चन्द्रघण्टाको पूजा गर्नाले सुख, शान्ति र समृद्धि प्राप्त हुने धार्मिक विश्वास रहिआएको छ।

मधेशका २१.३ प्रतिशत बालबालिका बहुआयामिक वञ्चितीकरणमा



मधेशदृष्टि
जनकपुरधाम।
मधेश प्रदेशका २१.३ प्रतिशत बालबालिका बहुआयामिक वञ्चितीकरणको अवस्थामा रहेको पाइएको छ । शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी, सरसफाइ, आवास तथा सूचना र सञ्चारजस्ता आधारभूत आवश्यकतामा पहुँचको अवस्था विश्लेषण गर्दा मधेशका बालबालिकाको जीवनस्तरमा अझै सुधार आवश्यक रहेको देखिएको हो।
राष्ट्रिय तथ्याङ्क कार्यालयले युनिसेफ नेपालको सहकार्यमा तयार पारेको 'नेपालमा बालबालिकाको बहुआयामिक वञ्चितीकरणको अवस्था' सम्बन्धी प्रतिवेदनअनुसार नेपालमा ५०.२ प्रतिशत बालबालिका कम्तीमा एउटा आयाममा वञ्चित छन् । त्यस्तै, ५१.६ प्रतिशत बालबालिका दुई वा दुईभन्दा बढी आधारभूत आवश्यकतामा वञ्चित रहेको प्रतिवेदनमा उल्लेख छ।
मधेश प्रदेशमा बहुआयामिक रूपमा वञ्चित बालबालिकाको अनुपात २१.३ प्रतिशत रहेको छ । प्रदेशका बालबालिकाले सामना गर्नुपर्ने सम्भावित वञ्चितीकरणमध्ये १२.१ प्रतिशतको अवस्था पनि प्रतिवेदनमा उल्लेख गरिएको छ । यसले प्रदेशमा बालबालिकाको आधारभूत आवश्यकता र सेवामा समान पहुँच सुनिश्चित गर्न थप प्रयास आवश्यक रहेको देखाउँछ।
राष्ट्रिय तथ्याङ्क कार्यालयले असोज २७ गते जनकपुरधाममा प्रदेशस्तरीय नतिजा सार्वजनिक गर्दै बालबालिकाको वञ्चितीकरणको अवस्थाबारे जानकारी गराएको हो । नेपाल बहुसूचक सर्वेक्षण २०७४, २०७६ र २०८१/८२ को सूक्ष्म तथ्याङ्कका आधारमा तयार गरिएको प्रतिवेदनले बालबालिकाको अवस्थासँगै पछिल्लो एक दशकमा आएको परिवर्तनसमेत विश्लेषण गरेको छ।
मधेश प्रदेशका नीति तथा योजना आयोगका सदस्य नवल यादवका अनुसार बालबालिकाको वञ्चितीकरणलाई शिक्षा वा स्वास्थ्यको एउटा पक्षबाट मात्रै हेरेर समाधान गर्न सकिँदैन । बालबालिकाको समग्र अवस्था सुधार गर्न परिवारको आर्थिक स्थिति, शिक्षामा पहुँच, पोषण, स्वास्थ्य र आधारभूत सेवाबीचको सम्बन्धलाई ध्यान दिनुपर्ने देखिन्छ । प्रदेशमा उपलब्ध तथ्याङ्कका आधारमा वञ्चितीकरणको जोखिममा रहेका बालबालिका र परिवार पहिचान गरी लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता छ।
प्रतिवेदनले पनि बालबालिकाको अवस्था परिवारको आर्थिक हैसियत, आमाको शैक्षिक स्तर र बसोबासको परिस्थितिअनुसार फरक हुने देखाएको छ। विशेषगरी विपन्न परिवारका बालबालिका तथा कम शिक्षित आमाका सन्तानले स्वास्थ्य र आधारभूत सेवामा बढी वञ्चितीकरण सामना गर्नुपर्ने अवस्था रहेको छ।
राष्ट्रिय तथ्याङ्क कार्यालयका तथ्याङ्क अधिकारी धुन्डीराज लामिछानेका अनुसार बहुआयामिक वञ्चितीकरणसम्बन्धी विश्लेषणले बालबालिका कुन–कुन आधारभूत आवश्यकताबाट वञ्चित छन् भन्ने विषयलाई एकीकृत रूपमा बुझ्न सहयोग गर्छ । यस्तो तथ्याङ्कले बालबालिकाको वास्तविक अवस्था पहिचान गर्नुका साथै नीति निर्माण, योजना तर्जुमा र स्रोतसाधनको उचित वितरणका लागि आधार प्रदान गर्छ। बालबालिकाको अवस्था विश्लेषण गर्दा परिवारलाई एउटै आर्थिक एकाइका रूपमा मात्र नहेरी उनीहरूको उमेर र आवश्यकताअनुसार छुट्टाछुट्टै अध्ययन गर्नुपर्ने महत्त्वसमेत प्रतिवेदनले औँल्याएको छ।
प्रतिवेदनअनुसार नेपालमा खानेपानी र सरसफाइको पहुँचमा पछिल्ला वर्षमा सुधार आएको छ। असुरक्षित खानेपानी प्रयोग गर्ने बालबालिकाको अनुपात २०७४ मा ७ प्रतिशत रहेकामा २०८१/८२ मा घटेर १.९ प्रतिशत पुगेको छ । त्यस्तै, सरसफाइको सुविधा नपुगेका बालबालिकाको अनुपात ३२.५ प्रतिशतबाट घटेर ९ प्रतिशतमा झरेको छ।
स्वास्थ्य क्षेत्रमा पनि सुधार देखिएको छ। झाडापखालाजस्ता समस्याबाट प्रभावित भएर उपचार नपाउने बालबालिकाको अनुपात २०७४ मा ५२.८ प्रतिशत रहेकामा २०८१/८२ मा घटेर ७.९ प्रतिशत पुगेको प्रतिवेदनमा उल्लेख छ । स्वास्थ्यकर्मीको सहयोगबिना जन्मिएका शिशुको अनुपातमा समेत उल्लेखनीय सुधार आएको छ।
तर, बालबालिकाको पोषण अवस्था भने

बाँकी पृष्ठ ३ मा

अर्का रास्वपा सांसदको अडियो सार्वजनिक

राकेश यादव
रौतहट।
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट निर्वाचित रौतहट निर्वाचन क्षेत्र नम्बर १ का प्रतिनिधि सभा सदस्य राजेश चौधरीको अडियोले सबैलाई तरंगित पारेको छ। उनले पार्टीकै विपरीत बोलेको अभिव्यक्ति सामाजिक सञ्जालमा सार्वजनिक भएको हो।
राष्ट्रिय स्वतन्त्र पार्टीका प्रतिनिधि सभा सदस्य खगेन्द्र सुनारको महिलालाइ गालीगलौज तथा पैसा मागेको अडियो सार्वजनिक भएका दिन सोमबार राति नै रौतहट–१ बाट निर्वाचित प्रतिनिधि सभा सदस्य चौधरीको अडिओ सामाजिक सञ्जालमा भाइरल भएपछि यसले नयाँ तरंग ल्याएको हो।
सांसद चौधरीको आवाज भएको सार्वजनिक अभिव्यक्तिमा आउँदो स्थानीय तहको निर्वाचनमा पार्टीको यस्तो रबैया रह्यो भने निर्वाचन क्षेत्र नम्बर १ मा एउटा वड़ा पनि नजित्ने दाबी गरिएको छ।
२०८२ फाल्गुनमा सम्पन्न प्रतिनिधि सभाको निर्वाचनमा पूर्व प्रधानमन्त्री, मन्त्रीलाई पराजित गर्दै विजयी भएका चौधरीले आफ्नै पार्टीलाई स्थानीय निर्वाचनमा असफल बनाउन लागेको अभिव्यक्तिबाट पुस्टि भइरहेको छ।
सामाजिक सञ्जाल फेसबुकमा सोमबार रातिदेखि नै भाइरल भइरहेको अडिओमा सांसद चौधरीले रौतहट निर्वाचन क्षेत्र अन्तर्गत पर्ने ४१ वडामा पनि घण्टी पराजित हुने भनेको स्पस्ट रुपमा सुन्न सकिन्छ। आफ्ना समर्थकसँग कुरा गर्दै सांसद चौधरीले 'तपाईलाई जानकारी गराउँदैछु कि आउने दिनमा घण्टी रौतहट जिल्लात के क्षेत्र को ४१ वडामा पनि



जित्दैन' अडियोले तरंग ल्याएको हो।
सम्वादको केही अंश सार्वजनिक भएको अडियोमा आफू दोस्रो पटक चुनाव लड्ने आशा पनि नगरेको बताएका छन् । पार्टीका जिम्मेवार निर्वाचित सांसद भएर यस्तो गैरजिम्मेवारी अभिव्यक्ति दिँदा पार्टीप्रति नकारात्मक असर समेत पर्ने विश्लेषण हुन थालेको छ।
जेनजी आन्दोलनपछि मुलुकमा उदयमान भएको राष्ट्रिय स्वतन्त्र पार्टीलाइ कमजोर बनाउने खेल पार्टी भित्रबाट भइरहेको भने सांसद चौधरीको अभिव्यक्तिबाट प्रस्ट हुन्छ।
स्थानीय निर्वाचन आउन १० महिना बाँकी रहँदा पार्टीकै एउटा उम्मेदवार सफल हुन नसक्ने अनुमान गर्नु पार्टीप्रति अविश्वास रहेकाले पार्टीले अनुशासनको कारबाही गर्नु पर्ने जानकारहरुको धारणा छ।
प्रतिपक्षले रास्वपालाई कमजोर बनाउने सडयन्त्र गरिरहेका बेला आफ्नै पार्टीका निर्वाचित सांसदले पार्टीका स्थानीय तहको निर्वाचनमा सफाइ हुने भनेको शब्द भाइरल हुँदा पार्टीप्रति बफादार रहेका कार्यकर्ताको मनोबल कमजोर हुने जोखिम बढेको छ।
सामाजिक सञ्जालमा भाइरल बनेको अभिव्यक्तिप्रति सांसद चौधरीले अभिव्यक्ति तोडमोड गरेर सार्वजानिक गरिएको दाबी गरेका छन्। सामाजिक सञ्जालमा लेख्दै सांसद चौधरीले भ्रम फैलाउने उद्देश्यले तोडमोड गरेर बदनाम गर्ने उद्देश्यले अडियो सार्वजानिक गरेको जिकिर गर्दै भ्रममा नपर्न आग्रह समेत गरेका छन्। चौधरीले आफू पार्टीका इमानदार सिपाही रहेको र आउने दिनमा पनि पार्टीप्रति कटिबद्ध रहने प्रतिबद्धता व्यक्त गरेका छन्।

हुंकार मधेशले दसैँपछि १० दिने हुलाकी यात्रा गर्ने

मधेशदृष्टि
जनकपुरधाम।
मधेशमा नयाँ राजनीतिक अभियान घोषणा गरेको हुंकार मधेशले दसैँपछि १० दिने हुलाकी यात्रा सुरु गर्ने भएको छ।
आफ्नो अभियानको उद्देश्य र कार्यक्रमबारे आम नागरिकलाई जानकारी गराउँदै उनीहरूलाई अभियानसँग जोड्ने लक्ष्यसहित हुलाकी यात्रा गर्न लागिएको प्रवक्ता केशव झाले जानकारी दिएका छन्।
हुलाकी यात्रामार्फत मधेशका प्रत्येक जिल्लाबाट १०० जना अभियन्ता जोड्ने लक्ष्य राखिएको उनले बताए।
अभियानले संगठन विस्तार र आन्तरिक संरचनालाई व्यवस्थित बनाउन २१ वटा विभागका प्रमुखसमेत तोकेको छ । नयाँ जिम्मेवारी पाएका विभागीय प्रमुखलाई सात दिनभित्र कार्ययोजना, कार्यविधि र सयदिने कार्यक्रमको कार्यसूचीको खाका पेस गर्न निर्देशन दिइएको हुंकार मधेशले जनाएको छ।
संगठनका अनुसार सम्बन्धित विभागको जिम्मेवारी दिनुअघि कम्तीमा स्नातक उत्तीर्ण गरेको र सम्बन्धित विषयमा विज्ञता हासिल गरेको हुनुपर्ने मापदण्ड निर्धारण गरिएको छ।
तोकिएका विभागीय प्रमुखमध्ये संवाद तथा समन्वय विभागमा रामकुमार कश्यप, प्रचारप्रसार तथा प्रकाशन विभागमा केशवकुमार, संगठन विभागमा कौशलेन्द्र कौशल र कानुन तथा न्याय विभागमा रत्नेश्वर सनातनी छन्। त्यस्तै, सूचना प्रविधि तथा कार्यमूल्यांकन विभागको जिम्मेवारी रोशनकुमार, बौद्धिक तथा पेसाकर्मी विभागमा डा. एन.एन. भारद्वाज, आर्थिक विभागमा सच्चिदानन्द यादव, अनुशासन विभागमा राजाराम यादव र प्रशिक्षण तथा नीति अनुसन्धान विभागमा मनोहर मानवलाई दिइएको छ।
सहकारी, कर्पोरेट तथा उद्यमशीलता विभागमा कृष्णकुमार, स्वयंसेवी सुरक्षा दस्ता विभागमा उमेश सिंह, युवा तथा विद्यार्थी विभागमा पंकज आनन्द, वैदेशिक रोजगार विभागमा मनिषकुमार र सूचना तथा सञ्चार विभागमा पुष्पा प्रिया तोकिएका छन्।
यसैगरी, संघीय मामिला विभागमा मधुमाया यादव, शिक्षा तथा संस्कृति विभागमा इन्द्रजित साफी, उद्योग, व्यापार, वाणिज्य तथा व्यवसाय विभागमा सन्दीप त्रिपाठी, नागरिकता तथा भूमिहीन समस्या समाधान विभागमा अंगद यादव, कृषि विकास तथा अनुसन्धान विभागमा रामकिशुन नायक, विज्ञान तथा प्रविधि विभागमा प्रा. विजय महासेठ र सहिद तथा घाइते व्यवस्थापन विभागमा मो. युसुफ साफीलाई जिम्मेवारी दिइएको छ।
विभागीय प्रमुखहरूबाट कार्ययोजना प्राप्त भएपछि आगामी कार्यक्रमलाई व्यवस्थित रूपमा अघि बढाइने हुंकार मधेशले जनाएको छ।

सोनामाई मन्दिरमा भूत मेलाको रौनक



मधेशदृष्टि
जनकपुरधाम।
बडादसैँ सुरु भएसँगै महोत्तरीको सोनामाई मन्दिरमा प्रसिद्ध भूत मेलाको रौनक छाएको छ । औरही नगरपालिका–७ स्थित सोनामाई शक्तिपीठमा षष्ठी तिथिदेखि सुरु भएको मेलामा दर्शन तथा पूजाआजाका लागि नेपालका विभिन्न जिल्ला र भारतका विभिन्न स्थानबाट भक्तजन पुग्न थालेका छन्।
दसैँको प्रतीक्षासँगै भूत मेला सुरु हुने दिन कुरेर बसेका मिथिलावासीमा अहिले विशेष उत्साह देखिएको छ। साँझ परेसँगै मन्दिर परिसरमा चहलपहल बढ्ने र मेलाको गतिविधि हेर्न तथा सहभागी हुन भक्तजनको उपस्थिति बाक्लिने गरेको छ।
परम्परागत रूपमा लामो समयदेखि लाग्दै आएको सोनामाईको भूत मेला बडादसैँका बेला यस क्षेत्रको विशिष्ट धार्मिक तथा सांस्कृतिक आकर्षणका रूपमा परिचित छ । प्रत्येक वर्ष षष्ठीदेखि विजयादशमीसम्म सञ्चालन हुने मेलामा दैनिक हजारौँ दर्शनार्थी आउने गरेको मन्दिरका पुजारी कामेश्वर झाले बताए।
स्थानीय जनविश्वासअनुसार भूतप्रेत, बोक्साबोक्सी तथा दुष्ट आत्माको प्रभावबाट पीडित भएका व्यक्तिहरू यहाँ आउने गर्छन् । सोनामाईको आराधना गरेपछि दुःख र कष्टबाट मुक्ति पाइने विश्वासका कारण पनि मन्दिरमा दर्शनार्थीको घुइँचो लाग्ने गरेको अर्का पुजारी रमेश झाले बताए।
मेलामा आउने कतिपय व्यक्तिमा विभिन्न प्रकारका असामान्य व्यवहार देखिने गरेको र उनीहरूलाई देवीको शक्तिले निको पार्ने धार्मिक विश्वास रहेको पुजारीहरू बताउँछन्। मन्दिरको सीमाक्षेत्रमा प्रवेश गरेदेखि नै पीडित भनिएका व्यक्तिहरू रुने, हाँस्ने, लड्ने तथा विभिन्न गतिविधि देखाउने गरेको उनीहरूको भनाइ छ।
मन्दिरसम्म पुगेपछि माताको कृपाले पीडाबाट मुक्ति पाउने विश्वासमा श्रद्धालुहरू यहाँ आउने गरेको पुजारी झगरु झाले बताए।
सोनामाईको भूत मेलामा महोत्तरीसँगै सर्लाही, धनुषा, सिरहा, रौतहट तथा हेटौँडा, धरान, विराटनगर र काठमाडौँबाट समेत मानिसहरू आउने गरेका छन् । भारतको सीतामढी, मधुवनी र पटना लगायतका स्थानबाट पनि भक्तजन तथा पीडित भनिएका व्यक्तिहरू मेलामा सहभागी हुने गरेको पुजारी कामेश्वर झाले जानकारी दिए।
षष्ठीदेखि विजयादशमीसम्म चल्ने यस मेलाले सोनामाई मन्दिरलाई धार्मिक आस्थाको केन्द्रका रूपमा स्थापित गरेको छ। दसैँको अवसरमा लाग्ने यो मेला स्थानीय परम्परा, जनविश्वास र मिथिलाको सांस्कृतिक जीवनसँग जोडिएको छ।



सम्पादकीय

आरोपमाथि छानबिन र राजनीतिक जवाफदेहिता

राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्ना प्रतिनिधिसभा सदस्य खगेन्द्र सुनारमाथि सञ्चारमाध्यममा सार्वजनिक भएका आरोपबारे आन्तरिक छानबिन अघि बढाउनु सकारात्मक र जिम्मेवार कदम हो । सार्वजनिक पद धारण गर्ने व्यक्तिमाथि गम्भीर आरोप लागेपछि त्यसलाई बेवास्ता गर्नु वा राजनीतिक संरक्षण दिनु लोकतान्त्रिक संस्कारविपरीत हुन्छ । छानबिनको घोषणा गरेर र निष्कर्ष नआउँदासम्म औपचारिक कार्यक्रममा सहभागी नहुन निर्देशन दिएर पार्टीले कम्तीमा प्रारम्भिक रूपमा जवाफदेहिताको संकेत गरेको छ।

तर आन्तरिक छानबिन निष्पक्ष, विश्वसनीय र पारदर्शी हुन सकेन भने यस्तो कदम औपचारिकतामा सीमित हुन सक्छ। छानबिन समितिको गठन, कार्यादेश, समयसीमा र निष्कर्ष सार्वजनिक गरिनुपर्छ । आरोपित व्यक्तिको राजनीतिक हैसियत, निकटता वा प्रभावका आधारमा छानबिनको गति र निष्कर्षमा फरक पर्नु हुँदैन । पार्टीभित्रकै संयन्त्रले छानबिन गर्दा सम्भावित स्वार्थको द्वन्द्व नहोस् भन्नेमा पनि विशेष ध्यान दिन आवश्यक छ।

सांसद सुनारलाई औपचारिक कार्यक्रममा सहभागी नहुन दिइएको निर्देशनले आरोपको गम्भीरता स्वीकार गरेको देखिन्छ। यद्यपि, छानबिनको निष्कर्ष नआउँदै उनलाई दोषी ठहर गर्नु पनि न्यायसंगत हुँदैन। लोकतान्त्रिक समाजमा आरोप र अपराधबीच स्पष्ट भिन्नता हुन्छ, र हरेक व्यक्तिले आफ्नो पक्ष राख्ने अवसर पाउनुपर्छ। त्यसैले पार्टीको कदम अनुशासन र निष्पक्षताको सन्तुलनमा आधारित हुनुपर्छ।

यस घटनाले राजनीतिक दलहरूलाई आफ्ना जनप्रतिनिधिको आचरणबारे स्पष्ट आचारसंहिता र प्रभावकारी निगरानी संयन्त्र निर्माण गर्नुपर्ने आवश्यकता पनि देखाएको छ।

निर्वाचन जित्नु मात्र जनप्रतिनिधिको अन्तिम जिम्मेवारी होइन, सार्वजनिक विश्वासको संरक्षण, व्यक्तिगत आचरणमा मर्यादा र कानुनी शासनप्रतिको सम्मान पनि उत्तिकै महत्वपूर्ण हुन्छ । दलहरूले आरोप सार्वजनिक भएपछि मात्र होइन, नियमित रूपमा आफ्ना प्रतिनिधिको आचरण र कार्यसम्पादनको समीक्षा गर्ने परिपाटी विकास गर्नुपर्छ।

रास्वपाको छानबिन अब कसैलाई जोगाउने वा राजनीतिक क्षति न्यूनीकरण गर्ने माध्यम बन्नु हुँदैन। यो प्रक्रिया सत्य पत्ता लगाउने, पीडित पक्षलाई न्याय दिलाउने र जनप्रतिनिधिप्रतिको विश्वास कायम गर्ने अवसर बन्नुपर्छ।

निष्कर्ष दोष प्रमाणित हुनेतर्फ गएमा कानुनअनुसार कठोर कदम चालिनुपर्छ, आरोप पुष्टि नभएमा पनि पार्टीले स्पष्ट रूपमा सत्य सार्वजनिक गरी सांसद सुनारको प्रतिष्ठा पुनःस्थापित गर्नुपर्छ । यही नै जवाफदेही राजनीति र सुशासनको वास्तविक परीक्षा हो।

सृष्टिमा होइन, दृष्टिमा हुन्छ दोष



डा. तेजबहादुर कार्की

प्रकृतिले सिर्जना गरेका हरेक वस्तु, जीव र संरचना आफ्नै विशेषता, सौन्दर्य र अस्तित्व बोकेर आएका हुन्छन् । हिमालको उचाइ, नदीको प्रवाह, वनको हरियाली, मरुभूमिको शुष्कता, फूलको रङ, चराको स्वर र समुद्र, नदी, हिमाल, वन र जमिनलाई प्रकृतिका स्वतन्त्र अस्तित्वका रूपमा भन्दा आफ्नो आवश्यकता पूरा गर्ने साधनका रूपमा हेर्ने प्रवृत्ति बढ्दै गएको छ।

प्रकृतिको उपयोग मानवीय स्वभाव हो, आफैँमा गलत होइन । किनभने मानव सभ्यताको विकास पनि प्रकृतिसँगको सहकार्य र प्राकृतिक स्रोतको विवेकपूर्ण उपयोगबाटै सम्भव भएको हो। समस्या त्यतिबेला सुरु हुन्छ, जब उपयोग र दोहनबीचको सीमा मेटिन्छ। जब हामी प्रकृतिलाई आफ्नो इच्छाअनुसार चल्नुपर्ने वस्तु ठान्छौँ, तब प्रकृतिले आफ्नो स्वाभाविक नियमअनुसार प्रतिक्रिया दिँदा हामी त्यसलाई दोष दिन थाल्छौँ। बाढी आयो भने हामी नदीलाई दोष दिन्छौँ, तर नदीको सौन्दर्यको कुनै एउटै विश्वव्यापी मापदण्ड हुँदैन । हिमालको सौन्दर्य समुद्रको सौन्दर्यजस्तो हुँदैन, फूलको सौन्दर्य रूखको सौन्दर्यजस्तो हुँदैन र नदीको सौन्दर्य तालको जस्तो हुँदैन। त्यसैले त प्रत्येक मानिसको आफ्नै विशेषता हुन्छ । विविधता नै प्रकृतिको सौन्दर्य हो। यदि संसारमा एउटै रङ, एउटै आकार, एउटै आवाज र एउटै प्रकारका मानिस मात्र हुन्थे भने सृष्टि कति नीरस हुन्थ्यो होला ! तर आधुनिक समाजमा हामीले सौन्दर्यलाई पनि बजार र स्वार्थसँग जोड्न थालेका छौँ । प्राकृतिक वस्तुमा पनि मूल्यको हिसाब खोज्छौँ ।

कुनै स्थान सुन्दर छ भने त्यसलाई पर्यटनको व्यापारसँग जोड्छौँ। कुनै वनमा मूल्यवान् स्रोत छ भने त्यसलाई हाम्रो व्यवहार बदलिन्छ । यदि मानिसलाई उसको बाहिरी रूप, सम्पत्ति वा सामाजिक हैसियतबाट होइन, उसको मानवीय मूल्यबाट हेर्न थाल्यौँ भने समाज बदलिन्छ। अनि फरकपनलाई कमजोरी होइन, विविधताको रूपमा बुझ्न थाल्यौँ भने सम्बन्धहरू अझ सुन्दर हुन्छन्।

दृष्टिकोण परिवर्तन भएपछि त्यही संसार फरक देखिन्छ। वर्षामा कसैले हिलो र असुविधा देख्न सक्छ, अर्कोले जीवन दिने पानी देख्न सक्छ ।

शरद्को सुक्खा पातमा कसैले अन्त्य देख्न सक्छ, अर्कोले नयाँ जीवनका लागि प्रकृतिको तयारी देख्न सक्छ। पहाडको कठिन बाटोमा कसैले समस्या देख्न सक्छ, अर्कोले सम्भावना र साहस देख्न सक्छ ।



मानव जीवनको विविधता सबै प्रकृतिका अनुपम सिर्जना हुन् । प्रकृतिले कुनै वस्तुलाई अनावश्यक वा निरर्थक ठानेर सिर्जना गरेको हुँदैन। तर, हामीमध्ये धेरैले कुनै वस्तु वा परिस्थितिलाई आफ्नो अपेक्षा, आवश्यकता र स्वार्थको चस्माबाट हेर्ने गर्छौँ । त्यसैले कहिलेकाहीँ समस्या सृष्टिमा नभएर हाम्रो दृष्टिमा रहेको हुन्छ।

एउटै पहाड कसैका लागि अवरोध हुन सक्छ भने कसैका लागि पर्यटनको अधिक सम्भावना। एउटै नदी कसैका लागि बाढीको जोखिम हुन सक्छ भने कसैका लागि जीवन, ऊर्जा र सभ्यताको आधार पनि । जङ्गल कसैलाई उजाडेर खाली जमिन बनाएर बस्ती बसाल्नुपर्ने जस्तो लाग्न सक्छ भने कुनै अर्कोका लागि त्यही जङ्गल असङ्ख्य जीवको घर, पानीको स्रोत र पृथ्वीको प्राणवायुको संरक्षक हुन सक्छ। वस्तु एउटै हो, तर त्यसलाई हेर्ने दृष्टिकोण फरक छ। यही फरक दृष्टिले हाम्रो बुझाइ, व्यवहार र निष्कर्षको निर्धारण गर्ने गर्दछ।

हामी प्रायः प्रकृतिलाई आफूअनुकूल बनाउन खोज्छौँ। नदी आफ्नो बाटोमा बगेको हामीलाई मन पर्दैन, त्यसलाई बाँधेर आफ्नो आवश्यकता पूरा गर्न चाहन्छौँ। वन आफ्नै स्वरूपमा रहँदा हामीलाई पर्याप्त उपयोगी नलाग्न सक्छ, त्यसैले काठ, जमिन वा अन्य स्रोतका रूपमा प्रयोग गर्न खोज्छौँ। पहाडलाई प्राकृतिक रूपमा छोड्नुको सट्टा सडक, भवन, खानी वा अन्य पूर्वाधारका लागि काट्न थाल्छौँ। प्राकृतिक बहाव क्षेत्र मिचेर बनाइएका संरचनाबारे सोच्दैनौँ। पहिरो गयो भने पहाडलाई दोष दिन्छौँ, तर अनियन्त्रित सडक निर्माण, वन विनाश र भू–उपयोगको गलत अभ्यासबारे प्रश्न गर्दैनौँ। गर्मी बढ्यो भने मौसमलाई दोष दिन्छौँ, तर वन विनाश, प्रदूषण र अत्यधिक प्राकृतिक स्रोत दोहनमा आफ्नो भूमिका खोज्दैनौँ । यसरी हामी आफ्ना कर्मको परिणामलाई स्वीकार गर्नुको सट्टा सृष्टिलाई दोष दिएर आफूलाई निर्दोष देखाउने प्रयास गर्छौँ।

वास्तवमा प्रकृति हाम्रो इच्छा पूरा गर्ने सेवक होइन । प्रकृति आफ्नै नियम, सन्तुलन र प्रक्रियामा चल्छ। हामीले त्यसलाई बुझ्न र त्यससँग अनुकूल भएर अघि बढ्नुपर्छ । प्रकृतिलाई जित्ने होइन, प्रकृतिसँग सहअस्तित्व कायम गर्ने सोच आवश्यक छ।मानव जीवनमा पनि यही कुरा लागू हुन्छ। हामी मानिसलाई पनि आफ्नो दृष्टिकोणअनुसार सुन्दर वा कुरूप, सक्षम वा कमजोर, सफल वा असफल भनेर वर्गीकरण गर्छौँ । कसैको शारीरिक रूप हाम्रो सौन्दर्यको मापदण्डसँग मेल खाएन भने हामी उसलाई कम सुन्दर ठान्छौँ। कसैको जीवनशैली हाम्रो सोचभन्दा फरक भयो भने उसलाई गलत ठान्छौँ । फरक क्षमता भएको व्यक्तिलाई समाजले कहिलेकाहीँ उसको क्षमताभन्दा उसको सीमाबाट चिन्ने गर्छ। यहाँ पनि समस्या व्यक्तिमा मात्र होइन, उसलाई हेर्ने हाम्रो दृष्टिकोणमा हुन्छ।

आर्थिक लाभसँग जोड्छौँ । कुनै नदीबाट विद्युत् उत्पादन हुन सक्छ भने त्यसको प्राकृतिक अस्तित्वभन्दा आर्थिक सम्भावनालाई प्राथमिकता दिन्छौँ । प्रकृतिको मूल्य केवल त्यसबाट कति पैसा कमाउन सकिन्छ भन्ने आधारमा मापन गर्न थाल्यौँ भने हामीले प्रकृतिको वास्तविक मूल्य बुझ्न सक्दैनौँ।

प्रकृति केवल स्रोत होइन, अस्तित्वको आधार पनि हो। नदी केवल पानी होइन; वन केवल काठ होइन; हिमाल केवल पर्यटनको दृश्य होइन; जमिन केवल सम्पत्ति होइन। यी सबैको आफ्नै पारिस्थितिक, सामाजिक, सांस्कृतिक र जीवनदायी मूल्य छ। हामीले आफ्नो स्वार्थ पूरा गर्न प्रकृतिको कुनै अंशलाई आफूअनुकूल प्रयोग गर्न पाएनौँ भन्दैमा त्यो प्रकृति खराब हुँदैन । कहिलेकाहीँ हाम्रो अपेक्षा र वास्तविकताबीचको दूरीले पनि हामीलाई सृष्टिप्रति असन्तुष्ट बनाउँछ । हामी जीवनमा सबै कुरा आफूले चाहेअनुसार होस् भन्ने चाहन्छौँ । मौसम आफूअनुकूल होस्, मानिस आफूअनुकूल व्यवहार गरून्, प्रकृति आफूले चाहेको रूपमा उपलब्ध होस् र परिस्थितिले सधैँ हाम्रो पक्षमा काम गरोस् भन्ने अपेक्षा राख्छौँ। तर जीवन र प्रकृतिको आफ्नै गति हुन्छ। हाम्रो इच्छाले मात्र संसार चल्दैन।

त्यसैले परिवर्तन गर्नुपर्ने पहिलो कुरा सृष्टि होइन, दृष्टि हो । यदि हामीले प्रकृतिलाई उपभोगको वस्तु होइन, सहयात्रीका रूपमा हेर्न थाल्यौँ भने त्यसैले संसार सधैँ हामीले हेरेजस्तो मात्र हुँदैन; हामीले जसरी हेर्छौँ, संसारको अर्थ पनि त्यसैअनुसार निर्माण हुन्छ।

हाम्रो सभ्यताको भविष्य पनि यही दृष्टिकोणमा निर्भर छ । प्रकृतिमाथि प्रभुत्व जमाउने अहंकारले हामीलाई दीर्घकालीन सङ्कटतर्फ लैजान सक्छ । प्रकृतिसँग सहअस्तित्वको दृष्टिले भने दिगो विकासको बाटो खोल्न सक्छ । विकासको अर्थ प्रकृतिलाई नष्ट गरेर संरचना थप्नु मात्र होइन, प्रकृतिको अस्तित्व जोगाउँदै मानव आवश्यकताबीच सन्तुलन कायम गर्नु पनि हो। अन्ततः सृष्टिले हामीलाई विविधता दिएको छ, हामीले त्यसमा अर्थ खोज्ने दृष्टि पाएका छौँ। त्यसैले सृष्टिको हरेक सिर्जनामा दोष खोज्नुभन्दा पहिले आफ्नो दृष्टिकोणलाई हेर्न आवश्यक छ।

हामीले आफ्नो स्वार्थअनुकूल प्रकृतिलाई प्रयोग गर्न खोज्यौँ, प्रकृतिले हाम्रो इच्छा पूरा गरेन भने त्यसलाई दोष दियौँ भने दोष प्रकृतिको होइन, हाम्रो सोचको हुन सक्छ । प्रकृतिले आफ्नो काम गरिरहेकै हुन्छ। फूल फूलेकै छ, नदी बगेकै छ, हिमाल आफैँ उभिएकै छ, वन हुर्किएकै छ, ऋतुहरु फेरिइनै रहेका छन् । त्यसैले त चराचर जगतको जीवन निरन्तर अगाडि बढेको छ। प्रश्न यति मात्र हो–हामी यो सब जीवन र जगतलाई कसरी हेर्छौँ।

रासस

विपद् आइपर्दा पूर्वतयारीको कार्यान्वयन



–विनिता पौडेल

रसुवाको भोटेकोशी नदीमा गत भदौ १० गतेको बिहान आकस्मिक बाढी गयो । अकल्पनीय विनाशकारी बाढीमा व्यक्तिगत घरहरू बगे अनि क्षतिसमेत भए। जलविद्युत् आयोजना, सडक, विद्यालय, स्वास्थ्य संस्थाजस्ता पूर्वाधारहरुमा क्षति भयो । बाढीको शक्तिशाली भेलले बगाएका आफ्ना प्रियजनका खोजीमा परिवारजन, आफन्तजन भौतारिनुपर्ने, तड्पिनुपर्ने र चिन्तित हुनुपर्ने अवस्था आयो।

नेपाल रेडक्रस सोसाइटीद्वारा परिचालित प्रारम्भिक प्रतिकार्यकर्ताहरूमध्ये राष्ट्रिय प्रतिकार्य टोली 'एनआरटी'का सदस्यद्वय नवीनराज तिवारी र प्रकाश कार्की पनि हुनुहुन्थ्यो । उहाँहरू दुवैका लागि यस विपद्ले प्रभावकारी आपत्कालीन प्रतिकार्यका लागि साहस र प्रतिबद्धता मात्र पर्याप्त नहुने, बरु पूर्वतयारी, समन्वय र समुदायलाई सबैभन्दा बढी सहयोगको आवश्यकता परेका समयमा छिटो र प्रभावकारी रूपमा परिचालित हुन सक्ने क्षमता पनि उत्तिकै महत्त्वपूर्ण हुने कुरालाई पुनः स्मरण गरायो। उहाँहरू दुवैले एनआरटी तालिममा आफ्नो लामो समयदेखिको कार्यगत अनुभव र व्यावहारिक ज्ञान प्रस्तुत गर्नुभएको थियो । सन् २००१ मा नेपाल रेडक्रस सोसाइटीमा आबद्ध भई हाल चितवन जिल्ला शाखामा कार्यरत नवीनका लागि आपत्कालीन अवस्थामा कार्य गर्नु नौलो होइन। अर्कातिर, जुनियर रेडक्रसबाट आफ्नो रेडक्रसको मानवीय स्वयंसेवा यात्रा सुरुआत गर्नुभएका प्रकाश सन् २००९ देखि नेपाल रेडक्रसको कर्मचारीका रूपमा कार्यरत छन् । उहाँले विकास कार्यक्रमका साथै आपत्कालीन प्रतिकार्यका कार्यहरूमा सहयोग पुऱ्याउँदै आउनुभएको छ। तै पनि, दुवै तालिमप्राप्त उद्धारकर्मीका अनुसार सन् २०२६ को जुनमा नेपाल रेडक्रसद्वारा आयोजित 'एनआरटी' तालिमले केही फरक अनुभव प्रदान गऱ्यो। अर्थात्, आपत्कालीन प्रतिकार्यका लागि अझ व्यवस्थित र समन्वयात्मक दृष्टिकोण प्रदान गऱ्यो। नवीन स्मरण गर्नुहुन्छ, 'मसँग पहिले नै व्यावहारिक स्थलगत अनुभव थियो । एनआरटी तालिमले मलाई अझ व्यवस्थित तरिका अपनाएर उक्त अनुभवलाई थप सुदृढ र व्यवस्थित बनाउन सहयोग पुऱ्यायो।'

उहाँका लागि सबैभन्दा महत्वपूर्ण सिकाइहरूमध्ये क्षति तथा आपत्कालीन आवश्यकताको लेखाजोखा कसरी गर्ने र राहत वितरणको योजना अझ प्रभावकारी रूपमा कसरी बनाउने भन्ने सिकाइ थियो । 'विपद्का समयमा मानिसहरूका विभिन्न आवश्यकताहरू हुन्छन् र ती सबैलाई तत्काल पूरा गर्न प्रायः सम्भव हुँदैन,' उहाँ भन्नुहुन्छ, 'यस तालिमले मलाई प्रभावित परिवारहरूका सबैभन्दा अत्यावश्यक आवश्यकताहरू पहिचान गर्न तथा अझ लक्षित र प्रभावकारी ढङ्गले सहयोगको योजना बनाउन सहयोग गऱ्यो।'

ती ज्ञान र सीपहरूको परीक्षण लगभग तुरुन्तै भयो । रसुवा, नुवाकोट र धादिङसहित आसपासका जिल्लाहरूमा आएको भीषण बाढीपछि, प्रभावित समुदायहरूसम्म पुग्न उद्धार तथा राहतकर्मीहरूले ठूलो चुनौतीको सामना गर्नुप¥यो । बाढीले आवतजावतका मुख्य मार्गहरूमा आवतजावत गर्न अवरोध एवं क्षति भएका कारण ती जिल्लाहरूमा यातायात सम्पर्क विच्छेद भएको थियो । राहत सामग्रीको ओसारपसारमा अवरोध सिर्जना भएको थियो । विद्युत् र सञ्चार सेवाहरू पनि नराम्ररी प्रभावित भएका थिए। जसका कारण धेरै परिवारहरू आफ्ना प्रियजनहरूसँग सम्पर्क गर्न वा सूचनाप्राप्त गर्न असमर्थ भए। साथै, त्यही समयमा, विपद्का कारण बेपत्ता भएका आफ्ना आफन्तहरू एवं प्रियजनका खोजीमा मानिसहरू व्याकुल भएर भौतारिरहेका थिए। प्रतिकार्यका क्रममा प्रकाशले द्रूत लेखाजोखाहरूमा सहयोग गर्नुभयो । बाढी प्रभावितको खोज, उद्धार तथा राहत वितरण व्यवस्थापनमा समन्वय गर्नुभयो । स्वयंसेवक परिचालनमा सहयोग एवं समन्वय पुऱ्याउनुभयो र नगद सहयोग प्रदान गर्न सकिन्छ कि भनेर यकिन गर्न बजारको द्रुत मूल्याङ्कन समेत गर्नुभयो । 'यसअघि पनि मैले विभिन्न विपद्को प्रतिकार्यमा सम्लग्न थिएँ । सामना गरेको थिएँ, तर भोटेकोशी बाढीको अवस्था भने अत्यन्तै फरक थियो ।' प्रकाश भन्नुहुन्छ, 'त्यहाँको विनाश र सर्वस्व गुमाएका धेरै बालबालिकालाई देख्दा म निशब्द भएँ।' ती कठिन परिस्थितिहरूमा, एनआरटी तालिमबाट प्राप्त मूल्याङ्कनसम्बन्धी सीपहरूले अति आवश्यक दिशा प्रदान गर्न सहयोग गरे । उहाँ भन्नुहुन्छ 'विपद्ले पुऱ्याएको ठूलो क्षति देखेर आत्तिनुको सट्टा, आवश्यकताको मूल्याङ्कन गर्ने विधिले मानिसहरूलाई तत्काल के–कस्ता सहयोग चाहिएको छ भन्ने बुझ्न र सबैभन्दा जोखिममा रहेका परिवारलाई पहिले प्राथमिकता दिन मलाई सहज बनायो । चितवन जिल्लामा नदीको तल्लो तटीय क्षेत्रमा, नवीन प्रतिकार्यको अर्को एक महत्वपूर्ण पक्षमा सहयोग गरिरहेका थिए।'

उहाँले केन्द्रीय कार्यालय, स्थानीय निकाय, सुरक्षा निकाय, जिल्ला शाखाहरू र स्वयंसेवकहरूसँग नजिक रहेर काम गर्नुभयो । उहाँ भन्नुहुन्छ, 'समन्वयात्मक निर्णय प्रक्रियामा सहयोग पुऱ्याएँ । सही सूचना सङ्कलन, विश्लेषण र आदान–प्रदान सुनिश्चित गर्न मद्दत गरँे।' प्रकाशलाई तालिम अत्यन्तै उपयोगी साबित भयो । 'किनभने परिस्थिति तीव्र गतिमा परिवर्तन भइरहेको थियो र प्रभावकारी समन्वय सही जानकारी तथा स्पष्ट सञ्चारमा निर्भर थियो,' उहाँ भन्नुहुन्छ, 'तैपनि, आपतकालीन प्रतिकार्यका प्राविधिक पक्षहरूका बीचमा पनि, त्यस सङ्कटसँग जोडिएका व्यक्तिगत कथाहरूलाई बेवास्ता गर्न असम्भव थियो।'

नवीनका सबैभन्दा चुनौतीपूर्ण जिम्मेवारीहरूमध्ये एउटा नदी किनारमा फेला परेका मानव अवशेषहरूको व्यवस्थापन गर्ने कार्य थियो । 'बाढीले माथिल्लो भागका जिल्लाहरूबाट शवहरू बगाएर ल्याएको थियो र धेरैजसो शवहरू केही दिनपछि फेला परेका थिए,' उहाँ भन्नुहुन्छ । 'केही गम्भीर रूपमा कुहिएका थिए, जसले गर्दा पहिचान गर्न अत्यन्तै चुनौतीपूर्ण बनेको थियो । एउटा सम्झना विशेष रूपमा जीवन्त छ । जब मैले शव राखिने केन्द्रको भ्रमण गरेको थिएँ, मलाई सधैँ याद रहने एउटा क्षण सम्झनामा रहन गयो।'

बाढीपछि फेला परेका सामानहरूमध्ये एउटा बच्चाको विद्यालयको टाई पनि थियो। उहाँ भन्नुहुन्छ, 'त्यो टाई एउटा महत्त्वपूर्ण सूचना बन्यो, जसले बच्चाको पहिचान गर्न र शोकाकुल परिवारलाई जवाफ दिन मद्दत गऱ्यो । विद्यालयको एउटा सामान्य टाई कसरी परिवार र उनीहरूका प्रियजनबीचको एकमात्र सम्पर्क सूत्र बन्यो भन्ने कुरा निकै मर्माहत बनाउने खालको थियो ।' प्रकाशलाई उद्धार तथा राहत कार्यका क्रममा भेटेका मानिसहरू पनि याद छन् । 'धेरै परिवारले आफ्ना कम उमेरका सदस्यहरू गुमाएका थिए', उहाँ भन्नुहुन्छ, 'उनीहरू सबैमाझ एउटा साझा कुरा के थियो भने, उनीहरू आफ्ना प्रियजनहरूको सम्झनामा थिए। भौतिक सम्पत्ति महत्त्वपूर्ण थिएन।' यस चुनौतीपूर्ण समयमा, धेरै मानिसहरूले आफ्नै व्यक्तिगत क्षति बेहोर्नुपरेको भए तापनि प्रभावित समुदायहरूलाई सहयोग गर्न अग्रसरता देखाए। दुवै उद्धारकर्ताका लागि, यी अनुभवहरूले मानवीय कार्यसम्बन्धी एउटा साझा पाठलाई अझ बलियो बनाए। स्वयंसेवक तथा समुदायका सदस्यहरूसँग मिलेर काम गर्ने क्रममा उहाँहरूले असीम पीडाका साथै उल्लेखनीय सहनशीलता र ऐक्यबद्धता पनि देखे । स्वयंसेवक नवीन भन्नुहुन्छ, 'हरेक तथ्याङ्कको पछाडि एक व्यक्ति, एउटा परिवार र सधैँका लागि बदलिएको जीवन हुन्छ।'

नेपालभरि जलवायु तथा विपद्जन्य जोखिमहरू बढ्दै जाँदा, हालैका बाढी प्रतिकार्यका अनुभवबाट सिकिएका पाठहरू पहिलेभन्दा अझ बढी सान्दर्भिक भएका छन् । नवीन र प्रकाशजस्ता विपद् प्रतिकार्यमा खटिनेहरूका लागि, पूर्वतयारी भनेको विपद् आइपर्दा काम गर्न तयार रहनु मात्र होइन; यसको अर्थ अत्यन्त कठिन क्षणको सामना गरिरहेका मानिसहरूले आफूलाई सबैभन्दा बढी आवश्यकता पर्दा समयमै सहयोग, सम्मान र आशा प्राप्त गर्ने सुनिश्चित गर्नु पनि हो । पूर्वतयारीले सायदै कहिल्यै मुख्य समाचारमा स्थान पाउँछ, तर यसको प्रभाव मानिसहरूसम्म छिटो पुग्ने हरेक प्रतिकार्यमा, सबैभन्दा बढी आवश्यकता परेको बेला सहयोग पाउने हरेक परिवारमा र आगामी सङ्कटको सामना गर्न अझ राम्ररी तयार भएको हरेक समुदायमा महसुस गरिन्छ ।

रासस

महोत्तरीमा दसैँको सुरक्षा कडा, सामाजिक सञ्जालमा २४ घण्टा निगरानी



मधेशदृष्टि
महोत्तरी।
बडादसैँ तथा दुर्गा पूजा शान्तिपूर्ण र सद्भावपूर्ण वातावरणमा सम्पन्न गराउन जिल्ला प्रशासन कार्यालय महोत्तरीले सुरक्षा व्यवस्था कडा बनाउने निर्णय गरेको छ । प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवको समन्वयमा बसेको सरोकारवालाको बैठकले धार्मिक तथा साम्प्रदायिक सद्भावमा खलल पुग्ने गतिविधि नियन्त्रण गर्न सामाजिक सञ्जालमा चौबिसै घण्टा निगरानी राख्नेदेखि ध्वनि प्रणाली र मदिरा सेवनमा प्रतिबन्ध लगाउनेसम्मका निर्णय गरेको हो।
महोत्तरीमा ४६ स्थानमा दुर्गा पूजा आयोजना हुने भएकाले पूजा, मेला, जुलुस तथा मूर्ति विसर्जनलाई सुरक्षित र व्यवस्थित बनाउन प्रशासनले विशेष सतर्कता अपनाउने जनाएको छ । बैठकले फेसबुक, टिकटक, एक्स र युट्युबलगायत सामाजिक सञ्जालबाट धार्मिक तथा साम्प्रदायिक द्वेष फैलाउने, भ्रामक सामग्री पोस्ट वा सेयर गर्ने र उत्तेजक टिप्पणी गर्ने गतिविधिमाथि निगरानी बढाउने निर्णय गरेको छ । त्यस्ता गतिविधिमा संलग्न व्यक्तिको पहिचानका लागि नेपाल प्रहरीको साइबर सेल र राष्ट्रिय अनुसन्धानमार्फत निगरानी गरिने तथा दोषीलाई कानुनअनुसार कारबाही गरिने जनाइएको छ।
प्रशासनले धार्मिक सद्भावमा असर पुग्ने सामग्री प्रकाशन तथा प्रसारण नगर्न र सामाजिक सञ्जालमा फैलिने अपुष्ट सूचना तथा अफवाहको पछि नलाग्न सर्वसाधारणलाई आग्रह गरेको छ।
धार्मिक उत्सव, मेला, जुलुस तथा शोभायात्रामा चर्को आवाजमा डिजे बजाउन निरुत्साहित गरिने भएको छ। सामान्य ध्वनि प्रणाली सञ्चालन गर्न स्थानीय प्रशासन वा सम्बन्धित पालिकाबाट पूर्वस्वीकृति लिनुपर्ने र राति १० बजेसम्म मात्रै सञ्चालन गर्न पाइने व्यवस्था कडाइका साथ लागू गरिनेछ । पटाका, भुइँचम्पालगायत विस्फोटक सामग्रीको बिक्री, ओसारपसार तथा प्रयोगमा समेत रोक लगाउने निर्णय गरिएको छ।
धार्मिक तथा सांस्कृतिक जुलुस, ¥याली, शोभायात्रा र मेला आयोजना गर्दा आयोजकले स्थानीय प्रशासनबाट पूर्वअनुमति लिनुपर्ने, रुट र समयतालिका स्पष्ट गर्नुपर्ने तथा कार्यक्रम शान्तिपूर्ण रूपमा सम्पन्न गराउने जिम्मेवारी लिनुपर्नेछ । गाउँ तथा टोलमा उत्पन्न हुन सक्ने सामान्य विवाद स्थानीय स्तरमै समाधान गर्न वडा अध्यक्षको संयोजकत्वमा धर्मगुरु, पण्डित, मौलवी तथा सुरक्षा समिति र आयोजकले सुरक्षा निकायसँग समन्वय गर्दै निर्धारित रुट र समयतालिका पालना गर्नुपर्नेछ।
प्रमुख जिल्ला अधिकारी यादवले महोत्तरी बहुसांस्कृतिक, बहुधार्मिक र आपसी भाइचाराको ऐतिहासिक संगमस्थल भएकाले यहाँको सामाजिक सद्भाव र सहिष्णुता जोगाउनु सबैको साझा दायित्व भएको बताएका छन् । चाडपर्वका नाममा धार्मिक तथा साम्प्रदायिक तनाव उत्पन्न हुन नदिन सबै पक्ष संयमित, जिम्मेवार र संवेदनशील बन्नुपर्ने उनको भनाइ छ।
कुनै व्यक्तिले धर्म, सम्प्रदाय वा समुदायको भावनामा चोट पुग्ने अभिव्यक्ति दिएमा वा कानुनविपरीत गतिविधि गरेमा त्यसलाई साम्प्रदायिक रूप दिनुभन्दा सम्बन्धित व्यक्तिको व्यक्तिगत कसुरका रूपमा लिएर कानुनी प्रक्रियामा ल्याउनुपर्नेमा उनले जोड दिएका छन् । प्रशासनले सबै धर्मका अगुवा तथा धर्मगुरुलाई शान्ति, सहिष्णुता र भाइचाराको सन्देश प्रवाह गर्न आग्रह गर्दै चाडपर्वका बेला कानुनको पालना गर्न र कुनै पनि अप्रिय घटना हुन नदिन सहयोग गर्न जिल्लावासीलाई अपिल गरेको छ।

प्रहरीको दुई राउन्ड हवाई फायर, ३०० ग्राम ब्राउन सुगरसहित मियाँ पक्राउ



मधेशदृष्टि
वीरगंज।
भारतबाट वीरगंज नाका हुँदै काठमाडौं उपत्यकामा खैरो हेरोइन (ब्राउन सुगर) आपूर्ति गर्ने आरोपमा प्रहरीले वीरगंजका एक जनालाई पक्राउ गरेको छ । लागूऔषध नियन्त्रण ब्यूरोबाट खटिएको प्रहरी टोलीले काठमाडौंको तार्केश्वर नगरपालिका–४ बाट ३०० ग्राम खैरो हेरोइनसहित पर्साको वीरगंज महानगरपालिका–३१ का ४१ वर्षीय बसरुदिन मियाँलाई नियन्त्रणमा लिएको हो।
लागूऔषध नियन्त्रण ब्यूरो कोटेश्वरका अनुसार भारतबाट वीरगंज नाका हुँदै काठमाडौं उपत्यकामा लागूऔषध भित्र्याउने गिरोहको पहिचान र निगरानी गर्ने क्रममा मंगलबार मियाँ शंकास्पद अवस्थामा फेला परेका थिए।
प्रहरीले उनलाई रोक्न र जाँच गर्न खोज्दा प्रहरीमाथि आक्रमण गरी भाग्ने प्रयास गरेको ब्यूरोले जनाएको छ । त्यसपछि उनलाई नियन्त्रणमा लिन प्रहरीले चेतावनीस्वरूप दुई राउन्ड हवाई फायर गरेको थियो। सोही क्रममा मियाँलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।
पक्राउ परेका मियाँको साथबाट ३०० ग्राम खैरो हेरोइन र एउटा मोबाइल फोन बरामद भएको छ।
तीन महिनामा पाँचदेखि छ पटकसम्म आपूर्ति
ब्यूरोका अनुसार प्रारम्भिक अनुसन्धानका क्रममा मियाँले पछिल्लो तीन महिनामा पाँचदेखि छ पटकसम्म काठमाडौं उपत्यकामा खैरो हेरोइन आपूर्ति गरेको खुलेको छ।
प्रत्येक पटक करिब २०० ग्रामका दरले लागूऔषध ल्याउने गरेको प्रारम्भिक अनुसन्धानबाट देखिएको ब्यूरोले जनाएको छ।
भारतबाट वीरगंज नाका हुँदै काठमाडौंसम्म लागूऔषध आपूर्ति हुने सञ्जालमाथि निगरानी गर्ने क्रममा मियाँ पक्राउ परेका हुन् । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

म्याद गुज्रिएका खाद्य सामग्री बिक्री, दुई पसललाई १५ हजार जरिवाना



मधेशदृष्टि
कलैया।
चाडपर्वको मौका छोपेर उपभोक्ताको स्वास्थ्यमा खेलबाड गर्ने व्यवसायीमाथि गरिएको बजार अनुगमनका क्रममा बाराको कलैयामा म्याद गुज्रिएका खाद्य सामग्री फेला परेका छन् । संयुक्त अनुगमन टोलीले म्याद नाघेका खाद्य सामग्री बिक्रीका लागि राखेको पाइएपछि दुई पसललाई कुल १५ हजार रुपैयाँ जरिवाना गरेको छ।
आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगन्जका प्रमुख सुनिल चौरसियाको नेतृत्वमा मंगलबार गरिएको अनुगमनका क्रममा विकास जेनरल स्टोर्सलाई पाँच हजार र माँ अन्नपूर्ण स्वीट्सलाई १० हजार रुपैयाँ जरिवाना गरिएको हो । अनुगमनका क्रममा विकास जेनरल स्टोर्समा म्याद गुज्रिएको पशुपति टी किङ चियापत्ती र कुरकुरे पास्ता फेला परेको थियो। टोलीले ती सामग्री जफत गरी नष्ट गरेको जनाएको छ।
त्यस्तै, माँ अन्नपूर्ण स्वीट्समा मिठाई बनाउन प्रयोग गरिने खिराको बियाँ, गुलाबजल र केवरा वाटर म्याद नाघेको अवस्थामा भेटिएका थिए । उपभोक्ता संरक्षण ऐनको दफा ३८ को खण्ड (घ) र दफा ३९ को खण्ड (क) अनुसार दुवै पसललाई कारबाही गरिएको कार्यालय प्रमुख चौरसियाले जानकारी दिए । माँ अन्नपूर्ण स्वीट्स यसअघि पनि अनुगमनका क्रममा ५० हजार रुपैयाँ जरिवानामा परेको थियो । पटक–पटकको अनुगमनका बाबजुद सोही पसलमा पुनः म्याद गुज्रिएका सामग्री भेटिनुले बजार अनुगमन र व्यवसायीको जिम्मेवारीमाथि प्रश्न उठाएको छ।
१० पसलमा अनुगमन, अन्यत्र पनि म्याद नाघेका सामग्री फेला
संयुक्त टोलीले कलैयाका १० वटा पसलमा अनुगमन गरेको थियो। त्यस क्रममा जय महारानी किराना भण्डारमा १०० ग्रामको एक प्याकेट म्याद गुज्रिएको मसला पनि भेटिएको अनुगमन टोलीले जनाएको छ।
टोलीले न्यु दास किराना पसल, सिद्धु सिद्धार्थ स्वीट्स, न्यु दास सप्लायर्स, राजेश किराना, कलैया बिरयानी हाउस, लक्ष्मी स्वीट्स र माँ तारा स्वीट्सलगायतका पसलमा समेत निरीक्षण गरेको थियो।
अनुगमनमा वाणिज्य कार्यालयका आशुतोष कुशवाहा र मधुरेश प्रसाद साह, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय वीरगंजका खाद्य निरीक्षक सुरेश कुमार सिंह, जिल्ला प्रशासन कार्यालय बाराका नायब सुब्बा अरुण साह, अस्थायी प्रहरी पोस्ट कलैयाका प्रमुख प्रहरी नायब निरीक्षक बिमलेश यादव तथा जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी सहायक निरीक्षक उमाशंकर राम सहभागी थिए।
म्याद र लेबल जाँच गर्न व्यवसायीलाई निर्देशन
अनुगमन टोलीले व्यवसायीलाई म्याद गुज्रिएका खाद्य सामग्री खरिदबिक्री नगर्न, त्यस्ता सामग्री बिक्रीयोग्य वस्तुबाट छुट्टै राख्न तथा सामान खरिद गर्दा लेबल र उपभोग्य मिति अनिवार्य जाँच गर्न निर्देशन दिएको छ । पसलमा सरसफाइ कायम राख्नसमेत व्यवसायीलाई सचेत गराइएको छ । चाडपर्वका बेला खाद्य सामग्रीको माग बढ्ने भएकाले उपभोक्ताले गुणस्तरहीन तथा असुरक्षित वस्तु खरिद गर्नुपर्ने अवस्था आउन नदिन बजार अनुगमनलाई निरन्तरता दिइने कार्यालय प्रमुख चौरसियाले बताए । म्याद गुज्रिएका खाद्य सामग्री बिक्रीका लागि राखिनु उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको विषय हो । त्यसैले अनुगमनका क्रममा कैफियत भेटिएका पसललाई जरिवाना गर्नुका साथै आगामी दिनमा यस्ता गतिविधि दोहोरिन नदिन प्रभावकारी निगरानी आवश्यक देखिएको छ।

११ लाख बढीको भन्सार छलीका सामान बरामद, एक जना नियन्त्रणमा



मधेशदृष्टि
कलैया।
बारामा भारतबाट भन्सार छली गरी नेपाल भित्र्याइँदै गरेका ११ लाख ४६ हजार रुपैयाँ बराबरका कपडा र तीनवटा मोटरसाइकल सशस्त्र प्रहरीले बरामद गरेको छ । घटनामा संलग्न रहेको आशंकामा प्रहरीले एक जनालाई नियन्त्रणमा लिएको छ । मंगलबार सुवर्ण गाउँपालिका–३ स्थित पचगछिया क्षेत्रको सीमावर्ती इलाकामा खटिएको सशस्त्र प्रहरीको गस्ती टोलीले अवैध रूपमा भन्सार छली गरी ल्याइँदै गरेका सामान नियन्त्रणमा लिएको हो।
सशस्त्र प्रहरी बल नेपाल नम्बर १२ गण हेडक्वार्टर बाराका सूचना अधिकारी तथा सशस्त्र प्रहरी नायब उपरीक्षक विक्रममणि अधिकारीका अनुसार बरामद सामानमध्ये ६ लाख ९६ हजार रुपैयाँ मूल्यका साडी तथा धोती र ४ लाख ५० हजार रुपैयाँ मूल्यका तीनवटा मोटरसाइकल छन्।
सीमा सुरक्षा गुल्म पिपरपाती र बोर्डर आउट पोस्ट (बीओपी) बेनौलीबाट खटिएको संयुक्त गस्ती टोलीलाई देखेपछि मोटरसाइकलमा सामान बोकेर ल्याउँदै गरेका केही व्यक्ति सामग्री छाडेर फरार भएका थिए। सोही क्रममा प्रहरीले एक जनालाई नियन्त्रणमा लिन सफल भएको अधिकारीले बताए । बरामद कपडा तथा मोटरसाइकल र नियन्त्रणमा लिइएका व्यक्तिलाई आवश्यक कानुनी कारबाहीका लागि भन्सार कार्यालयमा बुझाउने प्रक्रिया अघि बढाइएको सशस्त्र प्रहरीले जनाएको छ।

दशैं लक्षित नयाँ नोट वितरण सुरु

मधेशदृष्टि
वीरगंज।
बडादशैंलाई लक्षित गर्दै नेपाल राष्ट्र बैंक, वीरगंजले सर्वसाधारणका लागि नयाँ नोट वितरण सुरु गरेको छ । दशैंमा टीका लगाउँदा दक्षिणाका रूपमा नयाँ नोट दिने परम्परालाई ध्यानमा राख्दै बैंकले प्रतिव्यक्ति १८ हजार ५०० रुपैयाँका दरले नयाँ नोट साट्ने व्यवस्था मिलाएको हो।
नयाँ नोट साट्न आउने सेवाग्राहीको चापलाई मध्यनजर गर्दै बैंकले ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिका लागि नियमित काउन्टरबाहेक थप तीनवटा छुट्टै काउन्टर सञ्चालनमा ल्याएको छ।
नेपाल राष्ट्र बैंक, वीरगंजका प्रमुख सञ्जीव झाले सेवाग्राहीलाई सहज, व्यवस्थित र छिटो सेवा उपलब्ध गराउने उद्देश्यले विशेष काउन्टरको व्यवस्था गरिएको जानकारी दिए।
दशैंमा टीका लगाउँदा दक्षिणाका रूपमा नयाँ नोट दिने प्रचलनका कारण हरेक वर्ष यस समयमा नोट साट्ने सर्वसाधारणको चाप बढ्ने गर्छ। डिजिटल भुक्तानी गर्दा आफ्नो गोप्य पिन, ओटीपी तथा पासवर्ड अरूलाई नदिन र कारोबार पूरा गर्नुअघि भुक्तानीसम्बन्धी विवरण राम्ररी पुष्टि गर्न पनि सर्वसाधारणलाई सचेत गराइएको छ।

'हुंकार मधेश': २१ वटा विभागीय प्रमुखहरुको जिम्मेवारी तोकियो



मधेशदृष्टि
जनकपुरधाम।
हालै औपचारिक घोषणा भएको नवगठित राजनीतिक अभियान 'हुंकार मधेश'ले पहिलो चरणमा २१ वटा विभागीय प्रमुखहरूको जिम्मेवारी तोकेको छ।
संगठनलाई समावेशी, योग्य र नतिजामुखी बनाउने उद्देश्यका साथ कम्तीमा स्नातक उत्तीर्ण गरेका र सम्बन्धित क्षेत्रका विज्ञहरूलाई विभागीय प्रमुखको जिम्मेवारी दिइएको अभियानका प्रवक्ता केशव झाले मंगलवार जानकारी दिएका छन् । मनोनित सबै विभागीय प्रमुखहरूलाई आगामी सात दिनभित्र आफ्नो विभागको कार्ययोजना, कार्यविधि र सय दिने विस्तृत कार्यक्रमको खाका तयार पारेर पेस गर्न निर्देशन दिइएको छ।
यही असोज ९ गते औपचारिक घोषणा गरिएको हुंकार मधेशले सांगठनिक विस्तारलाई तीव्र बनाउन दसैँलगत्तै झापादेखि कञ्चनपुरसम्म 'सय दिने हुलाकी यात्रा' सुरु गर्ने कार्यक्रमसमेत तय गरेको छ।

अन्तरप्रदेश मुख्यमन्त्री...

संरचनाको औचित्य, प्रशासनिक संघीयता र वित्तीय अधिकारका विषयमा समेत छलफल भइरहेको छ। मुख्यमन्त्री पाण्डेले प्रदेशका सचिवहरूको सरुवा तथा पदस्थापनबारे प्रदेश सरकारलाई पर्याप्त जानकारी नहुने समस्या औँल्याउँदै प्रशासनिक संघीयता प्रभावकारी बनाउनुपर्ने बताए । प्रदेशले स्रोतसाधनको दुरुपयोग गरेको भन्ने आरोप लाग्ने गरे पनि त्यसबारे तथ्य र तथ्याङ्कका आधारमा बहस हुन नसकेको उनको भनाइ थियो । प्रदेशका कामको मूल्याङ्कन गर्दा अधिकार, स्रोतसाधन र जिम्मेवारीको अवस्थासमेत हेर्नुपर्ने उनले बताए।
कोशी प्रदेश सरकारको आयोजनामा सुरु भएको सम्मेलन बुधबारसम्म सञ्चालन हुनेछ । सम्मेलनमा विज्ञहरूले विभिन्न विषयमा कार्यपत्र प्रस्तुत गर्नेछन्। छलफलबाट प्राप्त निष्कर्ष संघीय सरकारसमक्ष पु¥याउने आयोजकको योजना छ । सम्मेलनका क्रममा मुख्यमन्त्रीहरूले उद्योगी व्यवसायीसँग छलफल गर्ने कार्यक्रमसमेत रहेको छ । कोशी प्रदेशको पर्यटन प्रवद्र्धन गर्ने उद्देश्यले सम्मेलनको अन्तिम दिन सहभागी मुख्यमन्त्रीहरूलाई प्रदेशका पर्यटकीय क्षेत्रको भ्रमण गराउने कार्यक्रम तय गरिएको आयोजकले जनाएको छ।

मधेशका २१.३ प्रतिशत...

अझै चुनौतीपूर्ण देखिएको छ । पर्याप्त तथा विविध प्रकारका आहार नपाउने ६ देखि २३ महिनाका शिशु तथा बालबालिकाको अनुपात ६०.७ प्रतिशत रहेको छ । त्यस्तै, पाँच वर्षमुनिका बालबालिकामा पुड्कोपनको समस्या २६.२ प्रतिशत र ख्याउटेपनको समस्या ६.६ प्रतिशत रहेको प्रतिवेदनले देखाएको छ। बालबालिकाको शारीरिक तथा मानसिक विकासका लागि आवश्यक पोषण सुनिश्चित गर्न थप प्रभावकारी कार्यक्रम आवश्यक रहेको यसले संकेत गर्छ।
सूचना तथा सञ्चारको पहुँचमा पनि परिवर्तन देखिएको छ । रेडियो वा टेलिभिजन नभएका घरपरिवारमा बस्ने बालबालिकाको अनुपात २०७४ मा ३६.१ प्रतिशत रहेकामा २०८१÷८२ मा बढेर ५३.३ प्रतिशत पुगेको छ। सूचना प्राप्त गर्ने परम्परागत माध्यमको उपलब्धता घट्दै गएको अवस्थामा डिजिटल प्रविधिमा पहुँच र प्रयोगको अवस्था पनि बालबालिकाको समग्र अवसरसँग जोडिएर हेर्नुपर्ने देखिन्छ।
आवास र सूचनासम्बन्धी वञ्चितीकरणको अवस्था पनि चिन्ताजनक रहेको प्रतिवेदनमा उल्लेख छ। यी दुवै आयाममा एकैसाथ वञ्चित हुने बालबालिकाको अनुपात २०७४ मा ३४.३ प्रतिशत रहेकामा २०८१÷८२ मा बढेर ३५.३ प्रतिशत पुगेको छ।
परिवारको आर्थिक अवस्थाले बालबालिकाको जीवनस्तरमा प्रत्यक्ष प्रभाव पारिरहेको तथ्याङ्कले देखाएको छ । सबैभन्दा विपन्न २० प्रतिशत घरपरिवारका बालबालिका सम्पन्न परिवारका बालबालिकाको तुलनामा बढी वञ्चितीकरणमा पर्ने गरेका छन् । त्यस्तै, निरक्षर आमाका बालबालिकामा स्वास्थ्यसम्बन्धी वञ्चितीकरणको अनुपात २४.१ प्रतिशत रहेको छ भने उच्च शिक्षा हासिल गरेका आमाका बालबालिकामा यस्तो अनुपात ५.६ प्रतिशत मात्रै छ।
लैङ्गिक आधारमा भने बालक र बालिकाबीच वञ्चितीकरणको दरमा ठूलो अन्तर देखिएको छैन । सरसफाइसम्बन्धी वञ्चितीकरणमा बालकको अनुपात २२.९ प्रतिशत र बालिकाको २३.६ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ । यसले लैङ्गिक भिन्नताभन्दा आर्थिक अवस्था, भौगोलिक परिस्थिति र आमाको शैक्षिक स्तरले बालबालिकाको पहुँचमा बढी प्रभाव पार्न सक्ने देखाउँछ।
राष्ट्रिय तथ्याङ्क कार्यालयले बालअधिकारसम्बन्धी महासन्धिका सूचक र बहुआयामिक वञ्चितीकरण विश्लेषण विधि प्रयोग गरी प्रतिवेदन तयार पारेको जनाएको छ। यसमा शून्यदेखि २३ महिना, २४ देखि ५९ महिना, पाँचदेखि नौ वर्ष र १० देखि १७ वर्षसम्मका बालबालिकाको अवस्थासमेत छुट्टाछुट्टै विश्लेषण गरिएको छ।
बालबालिकाको बहुआयामिक वञ्चितीकरण घटाउन शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी, सरसफाइ र आवासजस्ता आधारभूत सेवामा समान पहुँच सुनिश्चित गर्नु आवश्यक देखिएको छ। विशेषगरी मधेश प्रदेशमा विपन्न परिवार, कम शिक्षित आमाका सन्तान तथा आधारभूत सुविधाबाट वञ्चित समुदायका बालबालिकालाई प्राथमिकतामा राखेर कार्यक्रम सञ्चालन गर्नुपर्ने प्रतिवेदनको निष्कर्ष छ।
बालबालिकाको समग्र विकासका लागि तथ्याङ्कमा आधारित नीति तथा योजना निर्माण, लक्षित कार्यक्रमको प्रभावकारी कार्यान्वयन र उपलब्ध सेवाको नियमित अनुगमन आवश्यक छ।
प्रदेश तथा स्थानीय तहले वञ्चितीकरणको जोखिममा रहेका बालबालिकाको पहिचान गरी उनीहरूको आवश्यकताअनुसार कार्यक्रम सञ्चालन गर्न सके मात्र बालबालिकाको जीवनस्तरमा दिगो सुधार ल्याउन सकिने देखिन्छ।

अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलनमा
प्रदेशका अधिकार हस्तान्तरणको माग



मधेशदृष्टि
जनकपुरधाम ।
संघीयताको प्रभावकारी कार्यान्वयन, प्रदेशका अधिकार हस्तान्तरण र तीनै तहका सरकारबीच समन्वयको माग गर्दै कोशी प्रदेशको विराटनगरमा अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलन सुरु भएको छ । मंगलबारदेखि सुरु भएको सम्मेलनमा सहभागी मुख्यमन्त्रीहरूले संविधानले दिएका अधिकार प्रदेशले पूर्ण रूपमा प्रयोग गर्न नपाउँदा काम गर्न कठिनाइ भइरहेको बताएका छन्।

सम्मेलनको उद्घाटन प्रदेशका मुख्यमन्त्रीहरूले सामूहिक रूपमा डिजिटल प्रविधिमार्फत गरेका थिए । उद्घाटन समारोहमा संघीयता कार्यान्वयनका कानुनी जटिलता, प्रशासनिक तथा वित्तीय अधिकार, प्रदेशहरूबीच सहकार्य र साझा विकासका विषयमा मुख्यमन्त्रीहरूले धारणा राखेका थिए।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेश सरकारलाई आवश्यक अधिकार नदिई कामको परिणाम खोज्नु विरोधाभासपूर्ण भएको बताए । प्रदेश संरचनामाथि निरन्तर प्रश्न उठाइने गरे पनि संविधानअनुसार अधिकार हस्तान्तरणमा ढिलाइ भइरहेको उनको भनाइ थियो।

'प्रदेश सरकारले अन्य सरकारको तुलनामा अत्यन्तै कम खर्च गरेको छ, तर यसैले गरेन जस्तो गरेर प्रहार भइरहेको छ। प्रदेश सरकारले काम गरेन, दौडेन भनेर प्रहार हुन्छ। तर संघीय सरकारले हातखुट्टा बाँधेको छ । हातखुट्टा बाँधेर दौड भन्दा कसैले सक्छ ?' पाण्डेले प्रश्न गरे।

उनले प्रदेशका अधिकारबारे पटकपटक आवाज उठाउँदा पनि आश्वासन मात्रै पाएको बताए । संघीय सरकारले आवश्यक कानुन निर्माण नगर्दा प्रदेशले अपेक्षित परिणाम दिन नसकेको उल्लेख गर्दै उनले संविधानअनुसार कानुन निर्माण गरी प्रदेशलाई अधिकार हस्तान्तरण गर्नुपर्नेमा जोड दिए।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले संघीय सरकारले संविधानले निर्दिष्ट गरेका अधिकार प्रदेशलाई हस्तान्तरण गर्न ढिलाइ गरिरहेको आरोप लगाए । कतिपय कानुन निर्माणमा अवरोध सिर्जना हुने गरेको र वित्तीय हस्तान्तरणलाई समेत संकुचित गर्ने प्रयास भइरहेको उनको दाबी थियो । प्रदेशको प्रशासनिक संरचना बलियो बनाउन संविधानअनुसार वित्तीय स्रोत हस्तान्तरण गर्ने नीति आवश्यक रहेको उनले बताए।

कर्णाली प्रदेशका मुख्यमन्त्री मंगलबहादुर शाहीले संघीयताबाट प्राप्त उपलब्धिको रक्षा गर्दै लोकतन्त्रलाई थप बलियो बनाउनुपर्ने बताए । जनअपेक्षा पूरा हुन नसकेको अवस्थालाई आधार बनाएर संघीयताबारे भ्रम सिर्जना गर्ने प्रयास भइरहेको उल्लेख गर्दै उनले तथ्यका आधारमा त्यस्ता भ्रम चिर्नुपर्ने धारणा राखे । संविधानले दिएको अधिकार प्रयोगमा अस्पष्टता र ऐनकानुन निर्माणमा ढिलाइ हुँदा प्रशासनिक तथा वित्तीय क्षेत्रमा समस्या उत्पन्न भएको उनको भनाइ थियो।

मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेशहरूबीच सहकार्य र साझा अवधारणा निर्माण गरेर विकास तथा समृद्धिको यात्रालाई अघि बढाउनुपर्ने बताए । अन्तरप्रदेश साझेदारीलाई प्राथमिकता दिँदै साझा लगानीका सम्भावना पहिचान गरेर काम गर्नुपर्ने उनको भनाइ थियो।

यादवले प्रदेशहरूबीच धार्मिक पर्यटन सर्किट निर्माण गरी पर्यटन प्रवर्द्धन गर्न सकिने धारणा राखे। संघ, प्रदेश र स्थानीय तहबीचको साझेदारीलाई थप बलियो बनाएर साझा विकासका योजनामा अघि बढ्नुपर्नेमा उनले जोड दिए।

बागमती प्रदेशका मुख्यमन्त्री किरण थापाले जलवायु परिवर्तनका कारण उत्पन्न समस्या समाधान गर्न प्रदेशहरूबीच साझा नीति र बलियो कोष निर्माण आवश्यक रहेको बताए । जलवायु परिवर्तनबाट हुने क्षति न्यूनीकरणका लागि सबै प्रदेश एकजुट भएर अघि बढ्नुपर्ने उनको भनाइ थियो। कानुनी जटिलता हटाउँदै तीनै तहका सरकारबीच सहकार्य र समन्वय प्रभावकारी बनाउनुपर्नेमा उनले जोड दिए । आयोजक कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रदेश सरकारहरूले गुनासो मात्रै नगरी आफ्नो अधिकार क्षेत्रभित्र रहेर काम अघि बढाउनुपर्ने बताए । संघीयता कार्यान्वयनमा देखिएका जटिलताबारे निष्कर्ष निकालेर प्रधानमन्त्रीसमक्ष छलफलका लागि प्रस्तुत गरिने उनले जानकारी दिए।

कार्कीले सम्मेलन संघीय सरकारको आलोचना गर्न नभई प्रदेशका साझा मुद्दा, आपसी हित र सहकार्यका विषयमा छलफल गर्न आयोजना गरिएको स्पष्ट पारे । प्रदेश सरकारले काम गर्न खोज्दा कतिपय विषय संघीय सरकारमै अड्किने गरेको उल्लेख गर्दै उनले अधिकार क्षेत्र स्पष्ट पारेर अघि बढ्नुपर्ने बताए।

'हामी काम गर्दै जान्छौँ तर रिजल्ट निस्किने बेलामा 'हात्ती छि¥यो, पुच्छर अड्कियो' जस्तो हुन्छ। त्यसो हुनाले पनि हामीले काम गर्न सकेका छैनौँ । सरकारले हाम्रा अधिकार क्षेत्रका विषयहरूलाई खुलाएर जानुपर्छ,' कार्कीले भने । उनले सातै प्रदेशमा लागूऔषध दुव्र्यसन गम्भीर समस्याका रूपमा रहेको उल्लेख गर्दै युवा पुस्तालाई दुव्र्यसनबाट जोगाएर समाज रूपान्तरणमा सहभागी गराउनुपर्ने बताए । जलवायु परिवर्तनका विषयमा पनि सबै प्रदेशले साझा धारणा बनाउनुपर्ने उनको भनाइ थियो । सम्मेलनमा प्रदेश

बाँकी पृष्ठ ३ मा

राजमार्गका होटलमा खाना खाँदा यात्रु
बिरामी परे चालक र सञ्चालकलाई कारबाही हुने



मधेशदृष्टि
काठमाडौँ।
राजमार्गका होटल तथा रेस्टुरेन्टमा गुणस्तरहीन खाना खाँदा यात्रु बिरामी परेको पाइए अब सम्बन्धित सवारी चालक र होटल सञ्चालकमाथि कानुनी कारबाही हुने भएको छ।

यातायात व्यवस्था विभागले मंगलबार सूचना जारी गर्दै यात्रुको स्वास्थ्यमा खेलबाड गर्ने होटल सञ्चालक र त्यस्ता होटलमा सवारी रोकेर खाना खुवाउने चालकलाई कारबाही गर्ने चेतावनी दिएको हो।

पूर्वाधार विकास मन्त्रालयमा सरोकारवालाबीच भएको छलफलपछि विभागले यस्तो निर्णय सार्वजनिक गरेको हो । विभागले सार्वजनिक यात्रुवाहक सवारीका चालकलाई यात्रुका लागि खाजा, नास्ता तथा खाना उपलब्ध गराउँदा स्वच्छता र गुणस्तरलाई प्राथमिकता दिन निर्देशन दिएको छ।

विभागका अनुसार चालकहरूले सम्भव भएसम्म खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको खाद्य स्वच्छतासम्बन्धी स्टिकर टाँसिएका होटल तथा रेस्टुरेन्टमा मात्रै सवारी रोकेर यात्रुलाई खाना खुवाउने व्यवस्था मिलाउनुपर्नेछ । यात्रुको स्वास्थ्यलाई ध्यानमा राख्दै सफा, स्वच्छ र गुणस्तरीय खाद्य पदार्थ उपलब्ध हुने स्थान छनोट गर्न विभागले आग्रह गरेको छ।

गुणस्तरहीन खानाले यात्रु बिरामी परे कडा कारबाही
राजमार्गका होटल तथा रेस्टुरेन्टमा उपलब्ध गराइने खाजा, नास्ता र खाना न्यून गुणस्तरको भएको तथा त्यसका कारण यात्रु बिरामी परेको गुनासो प्राप्त भएको विभागले जनाएको छ। यस्ता गतिविधिमाथि सरकारी निकायले सूक्ष्म निगरानी गरिरहेको पनि विभागले स्पष्ट पारेको छ।

खाना तथा खाजाको गुणस्तरमा लापरबाही गरेको र त्यसबाट यात्रु बिरामी परेको पुष्टि भए सम्बन्धित होटल वा रेस्टुरेन्ट सञ्चालकसँगै त्यहाँ सवारी रोकेर यात्रुलाई खाना खुवाउने चालकलाई समेत प्रचलित कानुनअनुसार कारबाही गरिने विभागको चेतावनी छ।

खानाको गुणस्तर र मूल्यमा ठगी भए कहाँ गर्ने उजुरी ?
राजमार्गका होटल तथा रेस्टुरेन्टमा खाना, खाजा र नास्ताको स्वच्छता तथा गुणस्तरमा कमी भेटिएमा वा तोकिएकोभन्दा बढी मूल्य लिएर ठगी गरिएमा यात्रुले सम्बन्धित निकायमा उजुरी गर्न सक्नेछन्।

विभागले यात्रुलाई यस्ता समस्या देखिए नेपाल प्रहरीको हेल्पलाइन '१००' मा फोन गरेर जानकारी गराउन आग्रह गरेको छ । त्यसबाहेक जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, ट्राफिक प्रहरी कार्यालय तथा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका सम्बन्धित कार्यालयमा समेत उजुरी दिन सकिनेछ।

यात्रुको स्वास्थ्य र सुरक्षालाई प्राथमिकतामा राख्दै राजमार्गका होटल तथा रेस्टुरेन्टमा खाद्य स्वच्छता कायम गराउने र मूल्यमा हुने ठगी नियन्त्रण गर्ने उद्देश्यले सरकारले निगरानी बढाएको विभागको सूचनाले देखाएको छ।

नवरात्रीको चौथो दिन आज
कुष्माण्डा देवीको पूजा आराधना गरिने

मधेशदृष्टि
जनकपुरधाम।
बडादसैँअन्तर्गत नवरात्रको चौथो दिन आज नवदुर्गामध्येकी चौथो स्वरूप माता कुष्माण्डा देवीको विधिपूर्वक पूजा आराधना गरिने छ। दसैँ घर तथा पूजा कोठामा देवीको आह्वान गरी श्रद्धालुहरूले शक्ति, ऐश्वर्य, विद्या र सुखसमृद्धिको कामना गर्दै पूजा गरिरहेका छन्।

धार्मिक शास्त्रअनुसार प्रत्येक वर्ष आश्विन शुक्ल चतुर्थीका दिन माता कुष्माण्डाको पूजा आराधना गर्ने परम्परा छ । आध्यात्मिक, आधिभौतिक र आधिदैविक गरी तीन प्रकारका तापबाट शरणमा आएका भक्तलाई मुक्ति दिलाउने देवीका रूपमा कुष्माण्डालाई पूजा गरिने धार्मिक मान्यता छ।



श्री दुर्गा सप्तशती अर्थात् चण्डीको देवी कवचमा त्रिविध तापयुक्त संसार देवी कुष्माण्डाको उदरमा रहेको उल्लेख गरिएको छ । धार्मिक ग्रन्थहरूमा उहाँले सुराले भरिएको घडा तथा रगतयुक्त पात्र धारण गर्ने वर्णनसमेत गरिएको छ। धार्मिक मान्यताअनुसार सृष्टिको अस्तित्व नरहेको र चारैतिर अन्धकार छाएको समयमा माता कुष्माण्डाले आफ्नो मन्द मुस्कानबाट ब्रह्माण्डको सृष्टि गर्नुभएको थियो । त्यसैले उहाँलाई ब्रह्माण्डकी आदिशक्तिका रूपमा समेत चिनिन्छ। आठवटा हात भएकाले उहाँलाई अष्टभुजा भनिन्छ भने सिंह उहाँको वाहन हो । नवरात्रको पहिलो दिन घटस्थापना गरी दसैँ घर तथा पूजा कोठामा जौको जमरा राखिएको थियो। पहिलो दिन माता शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी र तेस्रो दिन चन्द्रघण्टा देवीको पूजा आराधना गरिएको थियो। चौथो दिन आज माता कुष्माण्डाको आराधना गरिँदै छ । नवरात्रका नौ दिन घटस्थापना गरिएको स्थानमा दुर्गा सप्तशती, श्रीमद्देवी भागवतलगायत देवी स्तोत्र पाठ गर्ने परम्परा छ । यस अवधिमा विधिपूर्वक देवीको आराधना गर्नाले शक्ति, ऐश्वर्य र विद्या प्राप्त हुने धार्मिक विश्वास रहेको छ । नवदुर्गाका नौ स्वरूपको पूजा गरिने नवरात्रलाई हिन्दु धर्मावलम्बीले विशेष श्रद्धा र भक्तिका साथ मनाउने गर्छन्।

मिथिलामा ढोल पिपही बजाउने परम्परा हराउँदै

मधेशदृष्टि
जनकपुरधाम।
दसैँ सुरु भएसँगै गाउँबस्तीमा पर्वको आगमनको सङ्केत दिने ढोल पिपहीको आवाज सुनिन छाडेको छ। कुनै समय नवरात्रभरि बिहान र साँझ गाउँघरमा गुञ्जिने नगरा अहिले हराउँदै जाँदा मिथिलाको मौलिक सांस्कृतिक परम्परा मात्र प्रभावित भएको छैन, यसैमा निर्भर राम (चमार) समुदायको पुरुष्यौली सीप र आम्दानीको स्रोतसमेत सङ्कुचित हुँदै गएको छ।

ढोल पिपही बजेको आवाजले दसैँ आएको अनुभूति गराउँथ्यो । बालबालिकादेखि वृद्धवृद्धासम्मलाई पर्वको रौनकमा जोड्ने यो चलन समुदायको सांस्कृतिक जीवनको एउटा महत्त्वपूर्ण हिस्सा थियो । ढोल बजाउन आउनेलाई स्थानीयवासीले दक्षिणास्वरूप



धान, चामल, दाल, आलु, तेल, नगद र लत्ताकपडा दिने गर्थे। दसैँका १० दिनमा सङ्कलन हुने यस्ता सामग्रीले नगरा बजाउने परिवारको वर्षभरिको गुजारा चलाउन ठूलो सहयोग पु¥याउँथ्यो।

स्थानीय ९० वर्षीय सीताबीप्रसाद साह पुरानो समय सम्झँदै भन्छन्, पहिले दसैँमा नगरा बजाएर ल्याएको अन्नपात बोरामा भरेर गोरुगाडा वा साइकलमा घर पु¥याइन्थ्यो । "पहिले दसैँमा ढोल बजाएर धान, चामल, आलु र तेल जम्मा गर्दा परिवारलाई वर्षभरि खान पुग्थ्यो। अहिले त्यो चलन हराइसक्यो," उनले भने।


स्थानीयका अनुसार करिब दुई दशकयता यो परम्परा निरन्तर कमजोर हुँदै गएको छ । जातीय विभेदविरुद्धको चेतना, दलित समुदायको आत्मसम्मान र समानताको मागसँगै पुरुष्यौली पेसाप्रतिको सामाजिक दृष्टिकोण पनि बदलिएको छ । ढोल पिपही बजाउने कामलाई जातीय आधारमा हेप्ने र कथित अछुतो पेसाका रूपमा व्यवहार गर्ने प्रवृत्तिले यसको निरन्तरतामा थप बाधा पु¥याएको स्थानीय बताउँछन्। जातीय विभेदबाट मुक्त भएर सम्मानजनक जीवन बाँच्ने चाहना स्वाभाविक भए पनि पुरुष्यौली पेसा छाडेपछि त्यसको विकल्पमा आम्दानीको भरपर्दो आधार नहुँदा समस्या थपिएको समुदायका व्यक्तिहरूको गुनासो छ। ढोल बजाउने परम्परा कमजोर हुँदै जाँदा सांस्कृतिक पहिचानसँगै त्यसमा निर्भर परिवारको आर्थिक आधार पनि गुम्दै गएको छ।



सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं

डेंगी भाइरसको संक्रमणबाट बच्ने उपायहरू

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।





थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीका मूख्य लक्षणहरू


उच्च ज्वरो आउनु


जोर्नी र मांशपेशीहरु बेस्सरी दुख्नु


आँखाको गेडी दुख्नु


बेस्सरी टाउको दुख्नु


शरीरमा राता बिमिराहरु आउनु


वाकवाकी लाग्नु वा वान्ता हुनु

डेंगीका लक्षणहरू देखिएमा के गर्ने ?

स्वास्थ्य संस्थामा गई चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिने ।





घरमै बसेर उपचार गर्ने सल्लाह दिएमा ज्वरो घटाउनका लागि र जीउ दुखेको कम गर्नको लागी प्यारासिटामोल बाहेक ब्रुफिन र एस्प्रिन जस्ता अन्य औषधीको सेवन नगर्ने ।

अस्पताल भर्ना हुन सल्लाह दिएमा तुरून्त भर्ना हुने ।



(*चिकित्सकको सल्लाह नलिईकन कुनै पनि औषधी सेवन नगर्ने)

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

बारागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बारा, मधेश प्रदेश

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन